# गन्यापधुरा गाउँपालिका

## स्थानीय राजपत्र


## खण्डः ७) संख्याः११ माघ २५ गते बिहिबार, २०८०

## भाग-२


## शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०८०

कार्यपालिकाबाट पारित मितिः२०८०।१०।१८

**प्रस्तावना :** गन्यापधुरा गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा शिक्षक दरवन्दी तथा शिक्षक विद्यार्थी अनुपातलाई मध्यनजर गरी शिक्षकको मागलाई पूर्ति गर्न तथा शिक्षकको उपलब्धतामा वृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा अपेक्षित सुधार गर्ने शिक्षण सहयोग अनुदान वितरण तथा शिक्षक व्यवस्थापनलाई व्यवस्थित गर्न, शिक्षक छनौटको मापदण्ड निर्धारण, परीक्षा सञ्चालन, नियुक्ति तथा पदस्थापनालाई व्यवस्थित, मर्यादित र स्तरीय बनाउन तथा योग्य एवम् सक्षम जनशक्तिको छनौट गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न वाञ्छनीय भएकोले गन्यापधुरा गाउँपालिकाले **"शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०८०"** बनाई लागू गरेको छ।

### परिच्छेद – १

### संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम **"शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०८०"** रहेको छ।

(२)यो कार्यविधि गन्यापधुरा गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा लागु हुनेछ।

(३) यो कार्यविधि गन्यापधुरा गाउँ कार्यपालिकाबाट स्वीकृत भइ स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –:

(क)"ऐन" भन्नाले शिक्षा ऐन, २०२८ (संशोधनसहित) तथा गन्यापधुरा गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७९ लाई सम्झनु पर्दछ।

(ख)"नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधनसहित) लाई सम्झनु पर्दछ।

(ग) "आयोग नियमावली" भन्नाले शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधनसहित) लाई सम्झनु पर्दछ।

(घ) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सम्झनु पर्दछ।

(ङ) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई सम्झनु पर्दछ।

(च) "आयोग" भन्नाले शिक्षक सेवा आयोगलाई सम्झनु पर्दछ।

(छ) " गाउँपालिका" भन्नाले गन्यापधुरा गाउँपालिकालाई सम्झनुपर्छ।

(ज) " गाउँसभा" भन्नाले गन्यापधुरा गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

(झ) " गाउँ कार्यपालिका" भन्नाले गन्यापधुरा गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ञ) "अध्यक्ष" भन्नाले गन्यापधुरा गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ट) "उपाध्यक्ष" भन्नाले गन्यापधुरा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(ठ) ‘‘कार्यालय’’ भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ड) " प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ढ) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखा वा इकाइलाई सम्झनुपर्छ ।

(ण) " शिक्षा शाखा प्रमुख" भन्नाले गाउँ कार्यपालिकाको कार्यालयको शिक्षा अधिकृत वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

(त) "प्रधानाध्यापक" भन्नाले सामुदायिक र संस्थागत विद्यालयको प्रशासनिक कामकाज समेतको जिम्मेवारी पाएको सम्बन्धित विद्यालयको शिक्षकलाई सम्झनुपर्छ ।

(थ) " प्रारम्भिक बाल शिक्षा" भन्नाले चार वर्ष पूरा गरेका बालबालिकालाई एक वर्षको प्रारम्भिक बाल शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

(द) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ध) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(न) " विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्छ ।

(ऩ) " सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(प) " विद्यालय व्यवस्थापन समिति" भन्नाले १९ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

(फ)" शिक्षक छनौट समिति" भन्नाले गन्यापधुरा गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७९ को दफा ३० बमोजिम गठन हुने शिक्षक छनौट समितिलाई सम्झनुपर्छ ।

(ब)" विषयविज्ञ" भन्नाले शिक्षक छनौट परीक्षा सञ्चालनको लागि शिक्षा विकास तथा समन्वय इकाइ वा गाउँपालिकाबाट सूचीकृत भएका प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका शिक्षकहरुलाई सम्झनुपर्छ ।

(भ) "प्राथमिक शिक्षक" भन्नाले गाउँ कार्यपालिकाबाट स्वीकृत शिक्षण सहयोग अनुदानमा नियुक्त भएको प्राथमिक तहमा अध्यापन गर्ने शिक्षक सम्झनुपर्छ ।

(म) "निम्न माध्यमिक शिक्षक" भन्नाले गाउँ कार्यपालिकाबाट स्वीकृत शिक्षण सहयोग अनुदानमा नियुक्त भएको आधारभूत तह (कक्षा ६-८) मा अध्यापन गर्ने शिक्षक सम्झनुपर्छ ।

(य) "माध्यमिक शिक्षक" भन्नाले गाउँ कार्यपालिकाबाट स्वीकृत शिक्षण सहयोग अनुदानमा नियुक्त भएको माध्यमिक तहमा अध्यापन गर्ने शिक्षक सम्झनुपर्छ ।

## परिच्छेद २

## अनुदान, योग्यता र छनौट तथा नियुक्ति प्रक्रिया

**३. <u>शिक्षण सहयोग अनुदान उपलब्ध गराइने:</u>**

(१) गाउँसभाबाट स्वीकृत कार्यक्रम तथा बजेट अनुसार गाउँकार्यपालिकाले प्रारम्भिक बालविकास, प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहमा शिक्षकहरुको व्यवस्थापन गर्न विद्यालयहरुलाई शिक्षण सहयोग अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) गन्यापधुरा गाउँपालिकाको गाउँसभाले विनियोजन गरेको शिक्षण सहयोग अनुदान शीर्षकको बजेटको अधीनमा रही गाउँकार्यपालिकाको निर्णयानुसार पदस्थापना गरिएको शिक्षकहरुको लागि विद्यालयमा

शिक्षण सहयोग अनुदान उपलब्ध गराइनेछ र विद्यालयले सो रकमबाट शिक्षकको पारिश्रमिक बाहेक अन्य क्षेत्रमा खर्च गर्न पाउने छैन । विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार शिक्षण सहयोग अनुदानमा कार्यरत शिक्षकलाई थप पारिश्रमिक उपलब्ध गराउन सक्नेछ ।

(३) प्रारम्भिक बालविकास केन्द्रलाई वार्षिक कम्तिमा १ लाख ५० हजार शिक्षण सहयोग अनुदान उपलब्ध गराउन सकिनेछ । प्रारम्भिक बालविकास केन्द्रमा कम्तिमा १० जना बालबालिका हुनुपर्नेछ ।

(४) शिक्षण सहयोग अनुदान वितरण गर्दा देहाय बमोजिमका मापदण्डको आधारमा वितरण गरिनेछ ।

(क) विद्यालयमा सञ्चालित कक्षा, तह, शिक्षक दरबन्दी र विद्यार्थी सङ्ख्याका आधारमा अनुदान वितरण गर्ने ।

(ख) आधारभूत तह (कक्षा १-३) सञ्चालित विद्यालयहरुलाई उपलब्ध शिक्षक दरबन्दीको आधारमा विद्यार्थी सङ्ख्यालाई प्राथमिकता दिइ शिक्षण सहयोग अनुदान उपलब्ध गराइनेछ । आधारभूत तह कक्षा (१-३) मा एक शिक्षक दरबन्दी भइ कम्तिमा २० जना विद्यार्थीहरु र दुई शिक्षक दरबन्दी भइ कम्तिमा ४० जना विद्यार्थीहरु भएका विद्यालयहरुलाई वार्षिक कम्तिमा १ लाख ५० हजार शिक्षण सहयोग अनुदान उपलब्ध गराइनेछ ।

(ग) आधारभूत तह (कक्षा १-५) सञ्चालित विद्यालयहरुलाई उपलब्ध शिक्षक दरबन्दीको आधारमा विद्यार्थी सङ्ख्यालाई प्राथमिकता दिइ शिक्षण सहयोग अनुदान उपलब्ध गराइनेछ । आधारभूत तह कक्षा (१-५) मा तीन शिक्षक दरबन्दी भइ कम्तिमा ५० जना विद्यार्थीहरु भएका विद्यालयहरुलाई वार्षिक कम्तिमा १ लाख ५० हजार शिक्षण सहयोग अनुदान उपलब्ध गराइनेछ ।

(घ) आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह सञ्चालित विद्यालयहरुको हकमा विषयगत दरबन्दी समेतलाई आधार लिई अनुदान रकम वितरण गरिनेछ । सम्बन्धित तहमा एउटै विषयमा एकभन्दा बढी शिक्षक नियुक्ति गर्ने प्रयोजनका लागि शिक्षण सहयोग अनुदान उपलब्ध गराइने छैन् ।

(ङ) आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह सञ्चालित विद्यालयहरुको हकमा सम्बन्धित तहमा एक वा दुई शिक्षक दरबन्दी मात्र भएका विद्यालयहरुलाई प्राथमिकता दिइ विद्यार्थी सङ्ख्याका आधारमा शिक्षण सहयोग अनुदान वितरण गरिनेछ । सम्बन्धित तहमा कम्तिमा ५० जना विद्यार्थीहरु भएमा वार्षिक कम्तिमा २ लाख शिक्षण सहयोग अनुदान रकम उपलब्ध गराइनेछ ।

(च) आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई विद्यार्थी सङ्ख्याका आधारमा आवश्यकताअनुसार वार्षिक कम्तिमा २ लाख शिक्षण सहयोग अनुदान उपलब्ध गराइनेछ । आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तहका विद्यालयहरुमा अनुदान वितरण गर्दा सम्बन्धित तहमा कम्तिमा १०० जना विद्यार्थीहरु भएको खण्डमा मात्र अनुदान रकम उपलब्ध गराइनेछ । त्यसरी अनुदान उपलब्ध गराउँदा अङ्ग्रेजी, गणित र विज्ञान विषयको शिक्षकको व्यवस्थापनलाई प्राथमिकतामा राख्ने गरी अनुदान उपलब्ध गराइनेछ । साथै विद्यालयमा ICT तथा इ पुस्तकालय व्यवस्थापन गर्ने उद्देश्यले कम्प्युटर प्रशिक्षक तथा लाइब्रेरियनको रुपमा पद सिर्जना गरी अनुदान उपलब्ध गराउन सकिनेछ ।

(छ) यो कार्यविधि जारी हुनु अगाडि यस गाउँपालिकाबाट स्वयंसेवक शिक्षक, कम्प्युटर प्रशिक्षक, लाइब्रेरियनको रुपमा नियुक्ति भएका शिक्षक यसै कार्यविधि बमोजिम नियुक्ति भएको मानिनेछ । त्यसरी कार्यरत स्वयंसेवक शिक्षक, कम्प्युटर प्रशिक्षक, लाइब्रेरियनहरुलाई यस कार्यविधि बमोजिम गाउँपालिका अन्तर्गत एक विद्यालयबाट अर्को विद्यालयमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम आवश्यकता अनुसार सरुवा गरी शिक्षण सहयोग अनुदानमा शिक्षकको व्यवस्थापन गर्न सकिनेछ ।

(ज) प्रारम्भिक बालविकास केन्द्रमा गाउँपालिकाको अनुदानमा कार्यरत बालविकास सहजकर्तालाई नजिकको मातृविद्यालय वा आवश्यकताअनुसार बालबालिकाहरुको बढी भएको समुदायमा स्थानान्तरण गर्न सकिनेछ ।

(झ) **शिक्षण सहयोग अनुदान थपघट वा खारेज गर्न सकिने :** संघीय सरकार तथा प्रदेश सरकारबाट शिक्षक दरबन्दी प्राप्त भएमा वा विद्यालयमा पर्याप्त शिक्षक भएमा शिक्षक विद्यार्थी अनुपातको आधारमा गाउँकार्यपालिकाले शिक्षण सहयोग अनुदान थपघट वा खारेज गर्न सक्ने छ ।

४. **शिक्षकको योग्यता तथा तालिम सम्बन्धी व्यवस्था :** (क) नियम ३ बमोजिम उपलब्ध गराएको शिक्षण सहयोग अनुदानमा नियुक्त हुने शिक्षकको योग्यता तथा तालिम शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधनसहित) बमोजिम हुनेछ ।

(ख) बालविकास शिक्षकको योग्यता तथा तालिम सम्बन्धी व्यवस्था प्रचलित नियमानुसार हुनेछ ।

(ग) शिक्षकको योग्यता तथा तालिम सम्बन्धी व्यवस्था शिक्षा ऐन तथा नियमावलीमा परिमार्जन भए सोही बमोजिम हुनेछ ।

५. **पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रकृया:** शिक्षण सहयोग अनुदानमा शिक्षक छनौट गर्नका लागि लिइने परीक्षाको पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रक्रिया शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

६. **शिक्षकको पदपूर्ति :** (१) गन्यापधुरा गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा शिक्षक सङ्ख्या कम भई पठनपाठनमा समस्या परेका विद्यालयहरुलाई गाउँ कार्यपालिकाको निर्णय अनुसार विद्यालयहरुलाई उपलब्ध गराइएको शिक्षण सहयोग अनुदानमा शिक्षक नियुक्ति गरिनेछ ।

(२) उपनियम १ बमोजिम उपलब्ध गराइएको शिक्षण सहयोग अनुदानमा शिक्षक रिक्त हुन गएमा तोकिएको योग्यता पुगेका उम्मेदवारहरु विच खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गरिनेछ ।

७. **शिक्षकको छनौट तथा नियुक्ति सम्बन्धी व्यवस्था:** शिक्षक छनौट तथा नियुक्ति सम्बन्धी व्यवस्था शिक्षा ऐन, २०२८ (संशोधन सहित), गन्यापधुरा गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७९, शिक्षा नियमावली, २०५९(संशोधन सहित) तथा शिक्षक सेवा आयोग नियमावली, २०५९ (संशोधन सहित) बमोजिम हुनेछ ।

८. **शिक्षक छनौट समिति :** (१) विद्यालयमा कायम भएको शिक्षण सहयोग अनुदानको रिक्त शिक्षक पदमा करार नियुक्तिका लागि सिफारिस गर्न गन्यापधुरा गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७९ को दफा ३० बमोजिम गठन हुने शिक्षक छनौट समितिलाई सम्झनुपर्छ ।

९. **प्रचलित कानून लागू हुने :** प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुमा सोही बमोजिम हुनेछ ।

१०. **संशोधन वा थपघट :** गाउँकार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन वा थपघट गर्न सक्नेछ ।

**आज्ञाले**

**दिलिप कुमार तामाङ**

**प्रमुख प्रशासकीय अधिकृत**